**श्री सर्वोच्च अदालतमा चढाएको**

**निवेदन-पत्र**

विषय: मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२८ तथा सर्वोच्च अदालत नियमावली २०७४ को नियम १८ बमोजीम रजिष्ट्रारबाट भएको दरपिठ आदेश बदर गरी रिट निवेदन-पत्र दर्ता गरी पाऊँ ।

काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा. - १२ निवासी श्यामकाजी विष्टको छोरा सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्राही पक्ष नेकपा (नेपाल कम्युनिष्ट पार्टी) माओवादीले मिति २०५९ सालदेखि बालसैन्यको रुपमा भर्ती गरी UNMIN (United Nations Mission in Nepal) द्वारा नाबालक (Minor) प्रमाणित (ID: C-0006226-1428) पूर्वबालसेना तथा बर्हिगमित जनमुक्ति सेना, नेपालको अध्यक्ष लेनिन विष्ट (मो.नं. ९८५१०४८३२८) समेत ........................................................१ — निवेदक पक्ष

**बिरुद्ध**

चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १४ प्रचण्डटोल घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १५ बस्ने नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड समेत....१ — प्रत्यर्थी विपक्ष

**मुद्दा : <u>उत्प्रेषण परमादेश</u> ।**

म निवेदक सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १० को उपनियम (१) र (२) बमोजिम निम्न लिखित निवेदन गर्दछु ।

१. उपरोक्त विपक्षीसँगको उपरोक्त रिट निवेदनमा प्रस्तुत गरिएका विषयहरु म निवेदक सशस्त्र द्वन्द्वकै कारण पीडित बनाइएको तत्कालीन सर्वसाधारण नागरिकको छोरा हुँ म जस्तो अबोध नाबालकलाई तत्कालीन बिद्रोही पक्ष नेकपा माओवादीले बालसेनाको रुपमा प्रयोग गरी जर्बजस्ती अयोग्य लडाकुको बिल्ला भिराई शिविरबाट निकाली युद्ध अपराध गरेको छ । म वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २(ञ)(९) को परिभाषा भित्र पनि पर्दिन् । र तहाँस्थित दर्ता गरेको मेरो उजूरीमाथि कुनै कारबाही भएको छैन र हुदैंन पनि किनकि म जस्ता अरु बालसेनाको उजूरी तामेलीमा राखिएको र

बर्तमान कानुनले परिभाषित पनि गरेको छैन् । यसर्थ न्यायिक अभियानको दौरानमा पिडकको पहिचान गर्न कठिनाई भैरहेको थियो र छ । द्वन्द्वकालका बालसैन्य भर्ति लगायतका पीडितको जिम्मेवारी द्वन्द्वको शुरुवातकर्ता नेकपा माओवादीले नै लिनु पर्दछ । मिति २०७९/१२/०६ गतेको मन्त्रिपरिषदको निर्णय तथा गृह मन्त्रालयले जारी गरेको अयोग्य लडाकुहरुलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ मा पनि अयोग्य शब्द नै प्रयोग गरी अपमान गरियो । सरकारले म जस्ता बालसेनालाई दीर्घकालीन उपायको बाटो दिनु पर्छ क्षणिक राहत यसको विकल्प होइन । बिपक्षीहरुको उल्लेखित कार्य गैरकानुनी छ र निजहरुमाथि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन बमोजीम कारबाही हुनु पर्दछ भनी यो सार्वजनिक सरोकारको निवेदन लिई सम्मानित अदालतमा उपस्थित भएको छु ।

२. विपक्षीहरुबाट नेपाल सरकार र नेकपा माओवादी बीच सम्पन्न विस्तृत शान्ति सम्झौता २०६३, नेपाल सरकार र नेकपा माओवादी बीच भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता २०६३, बाल अधिकार सम्बन्धी महासन्धि र त्यसको Optional Protocal, TRC Act को दफा २(ञ)(९), बाल सेना प्रयोग सम्बन्धी अन्तर्राष्ट्रिय मनवीय कानुन, सम्मानित सर्वोच्च अदालतबाट भएका फैसला र प्रतिपादित नजीर, नेपालको संविधान लगायतका प्रचलित कानुनहरु विपरितका कार्यहरु भएकोले ती उल्लेखित कानुनहरुको अक्षरशः पालना गर्नु गराउनु र हामीलाई बाल सेनाको रुपमा परिभाषित गरी पहिचान दिलाई सोही अनुसार राहत, परिपुरण, क्षतिपूर्ति र न्याय दिलाई भराई पाउन विपक्षीहरुका नाममा परमादेश जारी गरी पाऊँ भन्ने बेहोराको यस्तो संवेदनशील सार्वजनिक सरोकारको विषयसँग सम्बन्धित रिट निवेदन सम्मानित अदालत समक्ष पेश भएकोमा सो निवेदनमा, 'द्वन्द्वकालको घटनालाई नियमित अदालतबाट भन्दा पनि संक्रमणकालीन न्याय संयन्त्रले नै संबोधन गर्नु उपयुक्त हुने साथै यीनै घटनाको समग्र विषयलाई समेटेर सत्य निरुपण तथा मेलमिलाप आयोग नेपालमा उजूरी दिएको भनी निवेदक मध्येका लेनिन बिष्टले निवेदनमा आफ्नो ब्यहोरा उल्लेख गरेको देखिएकोले प्रस्तुत बिषयमा सत्य निरुपण तथा मेलमिलाप आयोगबाट संक्रमणकालीन न्याय पद्धति अनुसार निरुपण हुने नै हुँदा यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत प्रस्तुत निवेदन लिई आएको देखिंदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १८ बमोजिम दर्ता गर्न मिलेन । मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२८ तथा सर्वोच्च अदालत नियमावली २०७४ को नियम १८ बमोजीम रजिष्ट्रारबाट दरपिठ गरिदिएको छ । कानून बमोजीम गर्नु ।" भनी आदेश भएको ।

३. रजिष्ट्रारबाट भएको उक्त आदेश देहायको आधारमा कानूनको प्रतिकुल भएकोले सो आदेश बदर गरी रिट निवेदन-पत्र दर्ता गरि पाऊँ ।

(क) प्रस्तुत रिट निवेदन-पत्र जस्तो प्रकृतिको तथ्य प्रमाण सहितको रिट निवेदन सम्मानित अदालतमा यसअघि दर्ता नभएको, सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १३ बमोजिम लिखतमा रीत पुऱ्याईएको सविनय जानकारी गराइन्छ ।

(ख) तसर्थ तत्काले यस विषयमा सम्मानित अदालतबाट विचार हुनु पर्ने अवस्था छ। रजिष्ट्रारबाट भएको उल्लेखित आदेशले बेन्चको अधिकार अपहरण समेत गरेका कारणले हुँदै नभएको तथ्य परिकल्पना गरी प्रस्तुत निवेदन माथि दरपिठ आदेश गर्नु न्यायोचित हुन सक्दैन ।

(ग) सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १८ बमोजिम भएको दरपिठ आदेशमा रजिष्ट्रारद्धारा संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा नभएको भनी निक्यौंल गर्ने अधिकार प्रदान गरेको पाइँदैन । दर्ता गराउन ल्याइएको लिखतमा रित नपुगेको वा त्यस्तो लिखत कानून विपरित देखिएमा मात्र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ८ को उपनियम (१) बमोजिम रजिष्ट्रारले दरपिठ आदेश गर्न सक्ने हो । दर्ताको लागि पेश गरिएको निवेदनमा यो यति रित नपुगेको वा यो यस्तो कानून विपरित रहेको भनी दरपिठ आदेशमा खुलाउन सकेको पाइँदैन । अतः नियम मुताविक दर्ता गर्न ल्याइएको निवेदनमा मिति २०८०-०२-१६ मा भएको दरपिठ आदेश बदरभागि छ । तसर्थ उक्त दरपिठ आदेश बदर गरी उक्त निवेदन-पत्र दर्ता गर्न रजिष्ट्रारका नाममा आदेश जारी गरी पाऊँ ।

४) सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १० को उपनियम (१) बमोजिम म्यादभित्रको निवेदन भएकोले रजिष्ट्रारबाट मिति २०८०-०२-१६ मा भएको आदेश बदर गरी प्रस्तुत निवेदन-पत्र दर्ता गरी पाऊँ । यस निवेदनको व्यहोरा ठिक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला । अदालतबाट जारी हुने सूचना,म्याद तामेली लगायत अन्य कामकारबाहीमा अदालतलाइ सहयोग गर्नेछु ।

निवेदक

लेनिन विष्ट

इति संवत २०८० साल जेठ महिना १८ गते रोज ०५ शुभम्.......................................।